निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, रौतहट
DISTRICT ELECTION OFFICE, RAUTAHAT

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ३४

मिति - २०७९/०५/०१

निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय
गौर, रौतहट

**विषय: विवरण प्रकाशन सम्बन्धमा ।**

श्री स्थानीय तह सबै,
रौतहट ।

प्रस्तुत विषयमा निर्वाचन आयोग,नेपालको प.सं च.नं.०७९/८०/६२ मिति २०७९।०५।०१ को पत्रानुसार स्थानीय तहको निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारले निर्वाचन (कसुर तथा सजाय ) ऐन,२०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख,उपप्रमुख,अध्यक्ष,उपाध्यक्षका उम्मेदवारले आफु उम्मेदवार भएको स्थानिय तहको कार्यालयमा र वडा अध्यक्ष,महिला सदस्य,दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफु उम्मेदवार भएको स्थानिय तहको सम्बधित वडा कार्यालयमा ७ दिन भित्र सार्वजनिक गरी सो को जानकारी यस कार्यालयमा उपलब्ध गराउने तथा खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुको नाउमा ७ दिन भित्र सफाइ सहितको स्पष्टिकरण यस जिल्ला निर्वाचन कार्यालयमा बुझाउने र सो सम्बन्धी सूचना तथा खर्चको विवरण समय भित्र बुझाउने/नबुझाउने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरणको विधुतीय प्रति यसै साथ सलग्न गरी पठाईएको छ । सो विधुतीय प्रति तहाँ कार्यालयको Website मा र कार्यालयमा समेत सबैले देख्ने गरी विवरण प्रकाशित गरी विवरण प्रकाशित गरेको मुचुल्का यथासिघ्र यस कार्यालयको इमेल ( deo.rautahat@election.gov.np) मा पठाउनु हुन अनुरोध छ ।

२०७९/०५/०१
.............................
**छोटेलाल दास**
जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी